# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कमला नगरपालिका
## धनुषा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कमला नगरपालिका

## धनुषा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कमला नगरपालिका

धनुषा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ६०

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन।</u>**

श्री प्रमुख ज्यू ,
कमला नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कमला नगरपालिका, धनुषा।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रु.१ करोड ५३ लाख ५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५९ लाख ८१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २६ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९० लाख र नियमित गर्नुपर्ने रु.३ लाख २४ हजार समेत गरी यस वर्ष रु.१ करोड १९ लाख ८१ हजार बेरुजू कायम रहेको छ। कमला नगरपालिकाको गतवर्ष सम्म रु.५० करोड ५२ लाख ७३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५१ करोड ७२ लाख ५४ हजार रहेको छ। **कमला नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने कमला नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कमला नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
**नायब महालेखापरीक्षक**

# कमला नगरपालिका गाउँपालिका,
# धनुषा

## चालु वर्ष २०७९।८० को बेरुजु

## १. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४५ | २० | १५३०५ | ४५ | ११ | ३३२४ | २० | ९ | ११९८१ | २६५७ | ३२४ | ९००० | ० | ० | ११९८१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७९।८० सम्मको

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनुषा | ५०५२७३ | ० | ० | ५०५२७३ | ० | ११९८१ | ५१७२५४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ३.४ | कर दाखिला | १६३६९६.३० |
| १ | २०७९।८० (चालु वर्षको) | २०.२ | पेश्की फछ्यौंट | २०१००५०.०० |
| २ | २०७९।८० (चालु वर्षको) | २३ | तराई मधेश समृद्धि कार्यक्रम | ८९०२४५.०० |
| ३ | २०७९।८० (चालु वर्षको) | ३६ | कर कट्टी दाखिला | ५४९६२.०० |
| ४ | २०७९।८० (चालु वर्षको) | ४२ | दोहोरो सामाजिक सुरक्षा भत्ता भुक्तानी | २०५०६०.०० |
| | चालु वर्षको जम्मा | | | ३३२४०१३.३० |
| | गत विगत वर्षतर्फको | | | |
| | गत विगतको जम्मा | | | |
| | कुल जम्मा | | | ३३२४०१३.३० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ६५.८६ वर्ग किलोमिटर तथा ४४५९७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।१३ देखि २०८०।१०।१७ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थितिः-** पालिकाको शुरु मौज्दात रु १३६८०७९५३।६४ रहेको छ भने कुल आयतर्फ रु ५८२०१५७६८।१५ तथा कुल व्ययतर्फ रु ६३५९३१७७५।७० गरी जम्मा

रु. १२१७९४७५४३।८५ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १६३५६५९।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा असुली | १०३००।०० |
| २ | लेखापरीक्षणको क्रममा असुली | १७६७६।०० |
| ३ | लेखापरीक्षणको क्रममा असुली | ७१०५०।०० |
| ४ | सशर्त अनुदान फिर्ता | ६२५०००।०० |
| ५ | मोबाईल फिर्ता | ६५५४०।०० |
| ६ | कर दाखिला | ८४६०९३।०० |
| | **जम्मा** | **१६३५६५९।००** |

२ **वित्तीय विवरणको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७२ (प्राप्ति भुक्तानी हिसाव) र कार्यालयबाट पेश भएको एकिकृत आयव्यय विवरणको संक्षिप्त स्थिति निम्नानुसार रहेको छ :

**स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २७२**

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | **बजेट** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** |
| प्राप्ती (क+ख) | ५८६५९६९५७ | ३७४९३५९७६ | ३७४९३५९७६ | ४३१९८६५८९ | ४३१९८६५८९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५७३६३७८७४ | ३६७२५१९५४ | ३६७२५१९५४ | ४२६६५४२७८ | ४२६६५४२७८ |
| ११००० कर | ११५०८५००० | ८६३७९८४० | ८६३७९८४० | ९७४६४४६८ | ९७४६४४६८ |
| १३००० अनुदान | ३३३७९२००० | २७८९१८११६ | २७८९१८११६ | ३२८३४६००० | ३२८३४६००० |
| संघीय सरकार | ३०१९७७००० | २५२५६३६०० | २५२५६३६०० | ३०४४५०००० | ३०४४५०००० |
| प्रदेश सरकार | ३१८१५००० | २६३५४५१६ | २६३५४५१६ | २३८९६००० | २३८९६००० |
| १४००० अन्य राजस्व | ९१०००० | १४५३९९७ | १४५३९९७ | ६९३८०९ | ६९३८०९ |
| १५००० विविध प्राप्ति | ५००००० | ५००००० | ५००००० | १५०००० | १५०००० |
| ३२००० वित्तीय सम्पत्ति | १२३३५०८७४ | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | १२९५९०८३ | ७६८४०२२ | ७६८४०२२ | ५३३२३११ | ५३३२३११ |

| | | | | | |
|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | १२९५९०८३ | ६००७७२४ | ६००७७२४ | १११३७५० | १११३७५० |
| धरौटी | ० | १६७६२९८ | १६७६२९८ | ४२१८५६१ | ४२१८५६१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५८६५९६९५७ | ४३३११४९९८ | ४३३११४९९८ | ४४४२१७७५८ | ४४४२१७७५८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५७३६३७८७४ | ४२६८६११६४ | ४२६८६११६४ | ४२८६९०४३५ | ४२८६९०४३५ |
| २१००० पारिश्रमिक / सुविधा | १३७७२५००० | १२३४१२३१३ | १२३४१२३१३ | १०६१७१००७ | १०६१७१००७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०५७३३९०४ | ७५५०८८५४ | ७५५०८८५४ | ८४७७२७६० | ८४७७२७६० |
| २५००० सहायता ( Subsidy) | २२४६००० | ४९८३३० | ४९८३३० | ५१७७७७५ | ५१७७७७५ |
| २६००० अनुदान | २५०२८००० | ६८२९८७९ | ६८२९८७९ | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ७६५०००० | ६४४३४५४ | ६४४३४५४ | ३७९९४२५ | ३७९९४२५ |
| २८००० अन्य खर्च | ६७५०१७७० | ६२०८४६९५ | ६२०८४६९५ | ६१११९१८८ | ६१११९१८८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २२७७५३२०० | १५२०८३६३९ | १५२०८३६३९ | १६७६५०२८० | १६७६५०२८० |
| घ. अन्य भूक्तानी | १२९५९०८३ | ६२५३८३४ | ६२५३८३४ | ४४४२१७७५८ | ४४४२१७७५८ |
| कोषहरु | १२९५९०८३ | ४१५१०१२ | ४१५१०१२ | ५२६५७५३ | ५२६५७५३ |
| धरौटी | ० | २११६२६९ | २११६२६९ | १०२६१५७० | १०२६१५७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१३४४७ | -१३४४७ | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -५८१७९०२२ | -५८१७९०२२ | -१२२३११६९ | -१२२३११६९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४१०८२३५० | १४१०८२३५० | १५२३०५७९५ | १५२३०५७९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | ८२९०३३२८ | ८२९०३३२८ | १४००७४६२६ | १४००७४६२६ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | ८१८९५६०४ | ८१८९५६०४ | १४०११८२२० | १४०११८२२० |

## पालिकाले पेश गरेको एकिकृत आय-व्यय विवरण

| आयतर्फः | | | व्ययतर्फः | | |
|---|---|---|---|---|---|
| सि न | विवरण | रकम | सि न | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | १३६८०७९५३.६४ | १ | चालु खर्च | १६००००३३४.२९ |
| | बैंक अनुसूची १ अनुसार | १२३३५०८७४.०३ | | संघीय वित्तीय समानिकरण | ७५३६८२०.०० |
| | धरौटी | ९७७२३९२.७१ | | प्रदेश वित्तीय समानिकरण | ०.०० |
| | प्रकोष व्यवस्थापन कोष | ५५७१००.९० | | राजस्व बाँडफाँड संघीय सरकार | ७२७२०७१८.२९ |
| | स्थानीय तह विविध कोष ग ५-१ | ३१२७५८६.०० | | राजस्व बाँडफाँड प्रदेश सरकार | २८०२५०.०० |
| २ | संघीय वित्तीय हस्तान्तरण | २५२५६३६००.४१ | | आन्तरिक श्रोत | ७९४६२५४६.०० |
| | वित्तीय समानिकरण अनुदान | १२००६५०००.०० | २ | पूँजीगत खर्च | ११८८०११०५.०० |
| | सशर्त अनुदान चालु | ११५४०२१९०.४१ | | संघीय वित्तीय समानिकरण | ७१९३७२९४.०० |
| | सशर्त अनुदान पूँजीगत | १७०९६४१०.०० | | प्रदेश वित्तीय समानिकरण | ३८१५४४९.०० |
| | संघीय समपुरक अनुदान | ०.०० | | राजस्व बाँडबाँड संघीय सरकार | ३३८०४९१.०० |
| | संघीय विशेष अनुदान चालु | ०.०० | | राजस्व बाँडबाँड प्रदेश सरकार | ८२६६०५७.०० |
| | संघीय विशेष अनुदान पुजिगत | ०.०० | | आन्तरिक श्रोत | ३०५४८४२२.०० |
| ३ | प्रदेश सरकारबाट प्राप्त अनुदान | २९८१५०००.०० | | जनसहभागिता | ०.०० |
| | वित्तीय समानिकरण अनुदान | ९३१५०००.०० | | सडक बोर्ड | ८५३३९२.०० |
| | सशर्त अनुदान पूँजीगत | १७५०००००.०० | | | |
| | विशेष अनुदान | ३००००००.०० | ३ | सशर्त अनुदान खर्च | १४८९१३११७.४१ |
| ४ | अन्तर अख्तियारी निकासा | २०२८१६७७७.०० | | संघीय सशर्त अनुदान चालु | ११४७७७१९१.४१ |
| | सामाजिक सुरक्षा तथा संरक्षण | २०२८१६७७७.०० | | संघीय सशर्त अनुदान | १७०९६४१०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पूँजीगत | |
| | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ०.०० | | प्रदेश सशर्त अनुदान पूँजीगत | १४८१८७६१.०० |
| | | | | प्रदेश विशेष अनुदान | २२२०७५५.०० |
| | | | | संघीय समपुरक अनुदान | ०.०० |
| | | | | संघीय विशेष अनुदान चालु खर्च | ०.०० |
| ५ | आन्तरिक आय | ८८३३३८३७.४४ | | संघीय विशेष अनुदान पुजिगत खर्च | ०.०० |
| | आन्तरिक आय | २६६८९७४.५० | ४ | अन्तर अख्तियारी खर्च रकम | २०२८१६७७७.०० |
| | जनसहभागिता | ०.०० | | सामाजिक सुरक्षा तथा संरक्षण | २०२८१६७७७.०० |
| | राजस्व बाँडफाँड संघीय सरकार | ८१२५४९३५.९४ | | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ०.०० |
| | राजस्व बाँडफाँड प्रदेश सरकार | ४४०९९२७.०० | | | |
| ६ | धरौटी प्राप्ति | १६१८२६२.०० | ५ | धरौटी फिर्ता | २०५८२३३.०० |
| ७ | विविध खर्च खाता | ४२५९२४०.०० | ६ | विवध खर्च खाता | ३२६३१६३.०० |
| ८ | विभिन्न कोष खाता | ९२९६७३.०० | ७ | विभिन्न कोष खर्च | ३४४५७.०० |
| | विविध कोष खाता (ग ५-१) | ०.०० | | विविध कोष खाता (ग ५-१) | ०.०० |
| | प्रकोप व्यस्थापन कोष खाता | ०.०० | | प्रकोप व्यवस्थापन कोष खाता | ३४४५७.०० |
| | सडकबोर्ड नेपाल | ९२९६७३.०० | | | |
| ९ | चालु तर्फको चेक साट्न बाकि | ९९६३४२.३० | | | |
| १० | गत आवको सशर्तको खर्च भई बाकि रहेको मौज्दात फिर्ता | ६२५०००.०० | ८ | बैक मौज्दात | ८२८९१९४६.०९ |
| ११ | विविध खर्च तर्फको चेक साट्न बाकी | १३४४७.०० | | संचित कोष खाता | ६४७३८००६.४८ |
| | | | | चालु खर्च खाता | ०.०० |
| | | | | पूँजीगत खर्च खाता | ०.०० |
| | | | | धरौटी खाता | ९३३२४२१.७१ |
| | | | | विविध कोष खाता | ५१२७५८६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आन्तरिक राजस्व खाता | ०.०० |
| | | | | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३५२२६४३.९० |
| | | | | विविध खर्च खाता ग.२.७ | १७१२८८.०० |
| | कूल जम्मा | ७१८७७९१३२.७९ | | कूल जम्मा | ७१८७७९१३२.७९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय बिबरणको परीक्षणः**

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २०२८१६७७७.०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२ **फरक हिसाब** -यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४२७४३९६.०१, यस वर्षको प्राप्ति रु. २०७०७९७९२.३० र यस वर्षको भुक्तानी रु. २०२८०५३९६.२९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १४१०८२३४९.६५ | ३७४९३५९७५.८५ | ४३३१२६३७९.४१ | ८२८९१९४६.०९ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३६८०७९५३.६४ | ५८२०१५७६८.१५ | ६३५९३१७७५.७ | ८२८९१९४६.०९ |
| फरक | ४२७४३९६.०१ | २०७०७९७९२.३ | २०२८०५३९६.२९ | ० |

३.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन नभएकोले कति रकम मौज्दात रहेको छ यकिन भएन यो वर्ष म.ले.प.फा.नं. २७२ अनुसार १३६८०७९५३.६४ जिम्मेवारी सारेको छ।

३.४ **कर दायित्व -**

*✄..............(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु.१६३६९६।३० सम्परीक्षण भएको)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६३७४१६६४.१८ | ६४७३८००६.४८ | ९९६३४२.३० |
| चालु खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| पुँजीगत खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| विविध खर्च खाता | १७१२८८.०० | १७१२८८.०० | ०.०० |
| स्थानीय तह विविध कोष खाता | ५१२७५८६.०० | ५१२७५८६.०० | ०.०० |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | ३५२२६४३.९० | ३५२२६४३.९० | ०.०० |
| स्थानीय विभाज्य कोष | ०.०० | ०.०० | ०.०० |
| कर्मचारी कल्याण कोष खाता | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह धरौटी खाता | ९३३२४२१.७१ | ९३३२४२१.७१ | ०.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | **८१८९५६०३.७९** | **८२८९१९४६.०९** | **९९६३४२.३०** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

४ **खर्च बिश्लेषण** : पालिकाले यो वर्ष गत वर्षको जिम्मेवारीबाट १३६८०७९५३.६४ कुल आन्तिरक आयबाट रु . ८७८३३८३७.४४ र अनुदानबाट रु.४८५१९५३७७.४१ समेत रु.७१०७६६८४१.४९ आम्दानी

भएकोमा चालु तर्फ रु.३२७३५१५४३.४१ र पूँजिगत तर्फ रु. १०८५९७५८७.०० समेत रु.४३५९४९१३०.४१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २०.१५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.०१ प्रतिशत चालु र २४.०९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा योजना वर्गीकरण गरीमा वजेट विनियोजन गरेको छैन।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

६ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।१०।२७ मा रु.५५ करोड ४५ लाख ४२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।१०।२८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।१०।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.

२१०२०३५.०० अबण्डा बजेट व्यवस्था गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

९ **आन्तरिक लेखापरीक्षण** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

११ **आवधिक योजना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१२ **त्रैमासिक खर्च** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रेमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथौं चौमासिक | आषाढ महिना |
| पूँजिगत | १५२०८४ | ० | ० | १४५ | १५१९३९ | १२९३९६ |
| प्रतिशत | | ० | ० | ०.१ | ९९.९ | ८५.०८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१५ करोड २० लाख ८४ हजार निकासा भएकोमा प्रथम र दोस्रो चौमासिकमा खर्च भएको छैन। तेस्रो त्रैमासिकमा खर्च रु.१ लाख ४५ हजार अर्थात ०.१० प्रतिशत र चौथौं त्रैमासिकमा रु.१५ करोड १९ लाख ३९ हजार अर्थात ९९.९० प्रतिशत खर्च गरेको

देखिएको छ। आषाढ महिनामा मात्र रु.१२ करोड ९३ लाख ९६ हजार अर्थात ८५.०५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिन्छ। जसले गर्दा सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति** : स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| आर्थिक विकास | ९९०० | ४३३१ | ०.७६ |
| सामाजिक विकास | १६३५७७ | १२७८६० | २२.२९ |
| पूर्वाधार विकास | १९८४०३ | १२७८२० | २२.२८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १८१०० | १५१७९ | २.६५ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १८३६५८ | १५१६७१ | २६.४४ |
| जम्मा | ५७३६३८ | ४२६८६१ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी रु.१५ करोड १६ लाख ७१ हजार अर्थात कूल विनियोजित बजेटको २६.४४ प्रतिशत र आर्थिक विकासमा कूल विनियोजित बजेटको सबै भन्दा घटी रु.४३ लाख ३१ हजार अर्थात कूल बिनियोजित बजेटको ०.७६ प्रतिशत खर्च भएको छ। पालिकाले एकीकृत, समानुपातिक र दिगो विकासमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा ध्यान दिनुपर्दछ।

१४ **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१५ **ठेक्का अभिलेख** : सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **प्राविधिक बिल र कार्य सम्पन्न** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद

सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१७ **लागत सहभागिता :** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१८ **आन्तरिक नियन्त्रण प्रणाली** : नगरपालिकाले पालना गर्नुपर्ने विभिन्न ऐन नियम निर्देशिका लगायतका कानूनी व्यवस्थाको पालना भएको स्थिति निम्नानुसार देखिएको छ :

- आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। नगरपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई बिकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।
- निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ मा ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष

संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा पालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन उपप्रमुखबाट भएको र प्रतिवेदन पेश गरेको पाईएन।तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१९ **फोहरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२० **पेश्की बाँकीः**

२०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र ढिलो गरेकोमा नियम ५१ बमोजिम १० प्रतिशतका दरले व्याज असुली गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २११ अनुसार गत वर्षसम्मको रु.११८७३४६४।०० र यो वर्षको रु. ४९०४२५०।०० गरी कूल पेश्की रु.१६७७७७१४।०० बाँकी रहेको देखिन्छ। गत विगत वर्षदेखि बाँकी पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

२०.२ **पेश्की फछ्र्यौट** :

***✂...............(प्रारम्भिक प्रतिवेदन उपर पालिकाले पेश्की फछ्र्यौट गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३० को निर्णयबाट रु.२०१००५०।०० सम्परीक्षण भएको)***

| | |
|---|---|
| पेश्की | ० |

२१ **नगर प्रशासकीय भवन निर्माणः**

२१.१ **अधुरो योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद

सम्झौता उल्लङ्घन गरेमा पूर्वनिर्धारित क्षतिपुर्ति असुल गरी निर्माण व्यवसायीलाई सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गराउनुपर्ने व्यवस्था उल्लेख छ। नगरपालिकाले ठेक्का नं KM/Works/०१/०७६/७७ अन्तर्गत नगर प्रशासकीय भवन निर्माणको लागि निर्माण व्यवसायी श्री वर्ल्डवाईड-आई एस वि एनसँग मिति २०७९।०७।१० सम्म सम्पन्न गर्ने गरी मिति २०७७।०१।१० गते रू. ५६३५१९९२।९५(मू अ कर समेत) मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग बिलबाट रु. ३४१४५६६१।४४(मू.अ.कर समेत) भुक्तानी भएकोमा निर्माण व्यवसायीसँग खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेकोले मिति २०७९।११।१२ को पत्रबाट मिति २०८० आषाढ मसन्तसम्म म्याद थप गरेता पनि लेखापरीक्षण अवधि मिति २०८०।१०।२० सम्म निर्माण कार्य अधुरै देखिएको तथा मनासिब माफिकको कारण खुलाई म्याद थप समेत भएको छैन। खरिद सम्झौताको पालना नगरी ढिलाई गरी कार्य गर्ने निर्माण व्यवसायीबाट निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता वमोजिम कारवाही गरी म्याद थप गरी निर्माण कार्य फरफारक गरिनु पर्दछ।

२१.२ **मूल्य समायोजनः** सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७६।९।१६ को पत्रानुसार बोलपत्रसम्बन्धी कागजातको प्राइस एड्जस्टमेन्ट डाटामा बोलपत्रदाताले कोफिसिएन्ट नभरी खाली छोडेमा निजलाई मूल्य समायोजन दिन नमिल्ने उल्लेख छ। पालिकाले निर्माण व्यवसायीलाई बोलपत्रको प्राइस एड्जस्टमेन्ट डाटा भर्ने स्थानमा कोफिसिएन्ट नभरी खाली राखेको भएपनि मूल्य समायोजन बापत रु २२५४२५८।०० भुक्तानी भएकोले भुक्तानी गर्ने नमिल्ने उक्त रकम असुल हनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५४,२५८ |

२२ **फरक दररेट विश्लेषणः**

| P. C. C. Work(१:२:४)M१५ | Qty. | Unit | Rate | Amount |
|---|---|---|---|---|
| skilled | ४.५ | nos | ११०० | ४,९५०.०० |
| Unskilled | ४५ | nos | ७१५ | ३२,१७५.०० |
| Cement | ४.१३ | tonne | १९९७८ | ८२,५०९.१४ |
| Sand | ६.७५ | cum | १२४८ | ८,४२४.०० |
| 40mm Aggregrate | ८.१ | cum | १६६४ | १३,४७८.४० |
| 20mm Aggregrate | ४.०५ | cum | १७१६ | ६,९४९.८० |
| 10mm Aggregrate | १.३५ | cum | १८२० | २,४५७.०० |
| Water | २ | k.Ltr. | ३६४ | ७२८.०० |
| Total for 15 cum | | | | १५१,६७१.३४ |
| P. C. C. Work(1:2:4)M15Rate per cum | | | | १०,१११.४२ |

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा तयार पार्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका योजना विभिन्न उपभोक्ता समिति मार्फत निर्माण गराउदा देहाय बमोजिमको दरले लागत अनुमान तथा भुक्तानी भएकोले उक्त कार्यको

लागि तयार पारेको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम पि सि सि ढलान(१:२:४)को रकम फरक पारी लागत अनुमान तयार पारेकोमा बढी दरले भुक्तानी गरेकोले देहाय बमोजिम रु. ३४७७६२।०६ बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु..

| गो भौ नं।मिति | योजना | काम | कामको परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २४।२०८०।०२।२२ | तेलियाहा सोनफी घर देखि भोला बाबा मन्दिर सम्म र असर्फी मण्डल भजु दास घर हुदै पिसीसी ढलान | P.C.C. Works (१:२:४) | ७२.५७ | १०,१११.४२ | ११,७५५.६१ | १६४४.१८७३३ | ११९,३१८.६७ |
| ७३।२०८०।०३।२० | जलिल घरदेखि जोगिन्द्र महराको गल्लि सम्म पिसिसी ढलान बेरेरबा टोल | P.C.C. Works (१:२:४) | ८०.९० | १०,१११.४२ | ११,७५५.६१ | १६४४.१८७३३ | १३३,०१४.७६ |
| १९।२०८०।०२।१७ | दुखी साहको घर देखि राज कुमार राय घर सम्म पिसीसी ढलान | P.C.C. Works (१:२:४) | ५८.०४ | १०,१११.४२ | ११,७५५.६१ | १६४४.१८७३३ | ९५,४२८.६३ |
| | | | | | | **जम्मा** | **३४७,७६२.०६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४७,७६२.०६ |

२३ **तराई मधेश समृद्धि कार्यक्रम :**

***✂...............(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु.८९०२४५।५३ सम्परीक्षण भएको)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **स्वच्छ खानेपानी व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही सोही प्रकृतिको गत विगतमा खरिद गर्दा लागेको वास्तविक लागत, बजारमा प्रचलित दरभाउ, तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले ५०० तथा २०० एल पि एज भएको वाटर ट्रिटमेन्ट प्लान्ट जडानको लागत अनुमान तयारीको आधार प्रष्ट नपारी मेकेनिकल ईन्जिनियरले तयार गरेको लागत अनुमानको आधारमा उपभोक्ता समितिको सहभागिता सहित रु २८१७९६०।०० लागत अनुमान भएको विविध विद्यालयमा ३ थान स्वच्छ खानेपानी व्यवस्थापन गर्ने कार्यको लागि उपभोक्ता समितिबाट आवश्यक मालसामान आपुर्ति तथा जडान गरी उपभोक्ताको अंश बाहेक खानेपानी व्यवस्थापनको लागि रु २४५००००।०० खर्च लेखेको छ। अतः लागत अनुमानलाई यथार्थपरक मान्न सकिने अवस्था देखिएन साथै जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यको लागि समेत उपभोक्ता समिति मार्फत् मालसामान आपूर्ति गराई काम गराउने गरेको कार्यलाई नियमसम्मत मान्न सकिएन्।

२५ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।०५।२९ च.नं. ५४ को निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.९००००००।०० निकासा भएको छ। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन्। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.......

| क सं | विद्यालयको नाम | निकासा प्रयोजन | जम्मा |
|---|---|---|---|
| १ | श्री प्रगतिशिल मा वि हथमुण्डा | ४ कोठे भवन निर्माण | ४,५००,०००.०० |
| २ | श्री जनता आ वि दुवरकोट | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| ३ | श्री रा प्रा वि हरिने | २ कोठे भवन निर्माण | २,२५०,०००.०० |
| | | **जम्मा** | **९,०००,०००.००** |
| | | प्रमाण पेश नगरेको | ९०,००,००० |

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका विभिन्न वडामा योजना सञ्चालन गरी यस वर्ष १६१ जनालाई ७७४४ दिन रोजगारी उपलव्ध गराई रु.४५९९५४०.०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

२७ **प्रतिस्पर्धा सिमित :** सार्वजनिक खरिदको सन्दर्भमा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्सनिय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लागु छ। सार्वजनिक खरिद ऐन तथा अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ। पालिकाले विभिन्न सडक निर्माण, खानेपानी ट्युवेल जडान, फर्निचर तथा फिक्चर्स तथा अन्य मालसामान खरिद लगायतका रु ५१३२५५७९।०० रकम बराबरको विभिन्न खरिद कार्य रु १० लाख भित्रको लागत अनुमान गरी विभिन्न ३ वटा फर्मबाट कोटेशन लिइ कार्य गराएको छ। यसरी लिएको कोटेशनमा लागत अनुमानकै हाराहरीमा सम्झौता गरी कार्य गराएको छ। यसरी एउटै प्रकृतिको कामलाइ एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी टुक्रा टुक्रा गरी खरिद भएको छ। सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी देखिएन। पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ। सिमित प्रतिस्पर्धात्मक तवरले विभिन्न खरिद कार्यको विवरण अनुसूचीमा उल्लेख गरिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

२८ **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले कर्मचारी अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नु पर्ने र स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबा दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.१०,००,०००।०० ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। कानुनको व्यवस्था गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२९ **मोबाइल खरिद :** मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने

सुविधा सम्बन्धी ऐन, २०७७ मा स्थानीय निकायका पदाधिकारीहरुलाई मासिक टेलिफोन तथा मोबाइल रिचार्ज वापत भुक्तानी गर्ने व्यवस्था छ भने पालिकाका मोबाइल उपलब्ध गराउने व्यवस्था छैन। पालिकाले निम्नानुसार पदाधिकारीहरुका लागि मोबाइल खरिद गरी रु.३२३९९६।०० खर्च लेखेको छ। ऐनमा नभएको सुविधाको लागि रकम खर्च गरी व्ययभार पारेको अनियमित भएको रु

| **विवरण** | **सामानको नाम** | **फर्मको नाम** | **दर** | **परिमाण** | **रकम मू अ कर समेत** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ९ जना वडा अध्यक्ष र ८ जना कार्यपालिका सदस्यका लागि १/१ थान मोबाइल खरिद गरि बुझाएको | Mobile Set (Oppo A१७K) | खुसी जेनरल अर्डर सप्लायर्स | १५९२९ | १८ | ३२३९९६ | १८ थान मध्ये १ थान जिन्सी प्रमुखले बुझेको |
| | | | | | अनियमित भएको | ३,२३,९९६ |

३० **मूल्य अभिवृद्ध करमा दर्ता नभएकासँग खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा बीस हजार रुपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग खरिद गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ८ मा सार्वजनिक निकायले वार्षिक दस लाखभन्दा बढिको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गो भौ नं बाट विभिन्न मितिमा रु.१०५९३९२।०० मसलन्द सामान खरिद गर्दा स्थायी लेखा नम्बर दर्ता भएको फर्मसँग खरिद गरेकोले अनियमित भएको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद कार्य गर्नुपर्दछ।

| **गो भौ नं** | **विवरण** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|
| १९।२०८०।११।२० | विभिन्न मसलन्द सामान | त्रिदेव मसलन्द केन्द्र | ६८४८१७ |
| ६६।२०८०।१।२० | विभिन्न मसलन्द सामान | त्रिदेव मसलन्द केन्द्र | ४४०४० |
| | विभिन्न मसलन्द सामान | त्रिदेव स्टेशनरी | १५७१९६ |
| | विभिन्न मसलन्द सामान | त्रिदेव मसलन्द केन्द्र | ११९४३९ |
| १३८।२०८०।२।१२ | विभिन्न मसलन्द सामान | त्रिदेव मसलन्द केन्द्र | ५३९०० |
| | | **जम्मा** | **१०५९३९२** |

३१ **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमण खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.९९६१५०।०० भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख राखेको छैन। नियमावलीमा भएको

व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ।

३२ **इन्धन खर्चको मापदण्ड** : नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रु.३५४८८२०।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ। साथै इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई मितव्ययी र पारदर्शी बनाउनु पर्दछ।

३३ **विविध खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खाना खाजा होटलबासका अतिरिक्त फर्निचर खरिद लगायका कार्यमा समेत विविध खर्च शीर्षकबाट रु.९६७४७८८।०० खर्च लेखेको छ। जसमध्ये खाना खाजा होटलवास आदिका लागि विभिन्न होटलाई रु. १५८८१४५।०० भुक्तानी गरेको छ। त्यसैगरी सभा संचालन कार्यमा रु.१८३२४६५।०० खर्च गरेको छ। पालिकाले विविध खर्चलाई मितव्ययी बनाउँदै अनावस्यक खर्चलाई कटौती गर्नेतर्फ ध्यान दिनु पर्दछ। विभिन्न होटललाई भुक्तानी भएका केही उदाहरणहरु निम्नानुसार छन्।

| होटलको नाम | रकम |
|---|---:|
| जय माँ लक्ष्मी फास्ट फुड सेन्टर | ४४४४५१ |
| ओम साई होटल | ११४३६९४ |
| **जम्मा** | **१५८८१४५** |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश भएको भएता पनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ।

३४ **वडा संचालन खर्च** : नगरपालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा खर्च लख्ने गरेको छ। तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन। यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३५ **औषधि खरिद** : पालिकाले यस वर्ष नगरपालिका चालु खर्चबाट प्रमित फार्मेसीसँग रु.९४८४०४।०० को औषधि खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :
पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण

यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी आपूर्ति व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।

- पालिकाले औष धी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन। स्वास्थ्य संस्थामा हस्तान्तरण भएका औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।
- स्वास्थ्य संस्थाहरुमा औषधिको भण्डारण, उपयोग र सेवाग्राहीलाई उपलब्ध गराएको औषधिको व्यवस्थापन तथा परिमाणको बारेमा पालिकाले निरन्तर अनुगमन गरी खरिद गरिएका औषधिको सहि सदुपयोगिताको सम्बन्धमा स्पष्ट हुनुपर्दछ।

३६ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा विभिन्न तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रम गैह सरकारी संस्थाहरुमार्फत गराई नगर पालिका चालु खर्चबाट रु.८०६०१९४।०० खर्च गरेको छ। जसमध्ये नगरपालिकाले निम्न संस्थाबाट तालिम गोष्ठी अभिमुखीकरण सम्बन्धी सेवा खरिद गरी रु.४९७७००।०० भुक्तानी दिएकोमा उक्त संस्थाले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैन। मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संथालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.५४६९४।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर कट्टा गर्न छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.

| गो भौ नं | कार्यक्रम | संस्थाको नाम | रकम | कर कट्टी गर्नुपर्ने | कट्टा गरेको | नपुग कर |
|---|---|---|---|---|---|---|
| १६६।३।२९ | लागु पदार्थ दुर्व्यसन सम्बन्धी तालिम | उन्नत नेपाल | ४९७७०० | ७४६५५ | १९९६१ | ५४६९४ |
| | | **जम्मा** | ४९७७०० | **७४६५५** | **१९९६१** | **५४६९४** |

***(प्रारम्भिक प्रतिवेदन उपर कर दाखिला भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को* निर्णयले रु.५४९६२।००** *सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,६९४ |

३७ **दिवाखाजा** : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०७९।८० का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाका लागि विद्यालयमा उपस्थित भएको दिनको दैनिक रु.१५।०० का दरले १८० दिनसम्मको दीवाखाजा वापत अनुदान निकासा गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी रकम निकासा गर्दा प्रथम त्रैमासिकमा IEMS मा समावेश भएको बालविकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी विद्यालयमा रकम निकासा दिने र दोस्रो त्रैमासिकदेखि भौतिक रुपमा विद्यालय पुरा चलेको दिनको आधारमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवसाथा मिलाउनु पर्ने उल्लेख छ।

पालिकाले यो वर्ष दीवाखाजाको लागि विद्यायहरुमा रु.१८७४०३२।०० निकासा गरेको छ। विद्यालयबाट प्राप्त विद्यार्थि संख्यालाई सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा सो अनुसार सत्यापन गरेको देखिएन। विद्यार्थी संख्या सत्यापन गरी वास्तविक विद्यार्थी संख्याका आधारमा दिवाखाजा निकासा गर्नुपर्दछ।

३८ **छात्रावृत्ति अनुदान** : शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१ मा EMS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न १४ विद्यालयहरुमा छात्रवृत्ति अनुदान वापत रु.११९७६००।०० निकासा गरेको छ। विद्यार्थी संख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। साथै विद्यालयले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।

३९ **औषधि खरिद** : पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। यसवर्ष पालिकाले युग डिष्ट्रीव्युट्र्स् फर्मसँग रु.१५००३४१.०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४० **बैंक स्टेटमेन्ट उपलब्ध नभएको** : नगरपालिकाले समाजिक सुरक्षा भत्ता वित्तरण प्रयोजनका लागि पालिका अन्तर्गतका ९ वडाहरुको भत्ता वितरण प्रयोजनको लागि रु २०२८१६७७७ रकम निकासा गरेकोमा एन आई सि एसिया बैंक लिमिटेडबाट रिभर्सफिड प्राप्त गरी लेखापरीक्षणलाई पेश गरेको भएपनि बैंक स्टेटमेन्ट भने लेखापरीक्षणमा पेश गरेको छैन। यस सम्बन्धमा नगरपालिकासँग बुझ्दा उक्त बैंकले कार्यालयले पठाएको विवरण र चेकको आधारमा सिधै लाभग्राहीको खातामा रकम जम्मा गर्ने र खाता नम्बर नमिलेका र खाता नम्बर नखोलेका लाभग्राहीको रकम हरेक चौमासिकमा फिर्ता पठाउने गरेको र प्रत्येक व्यक्तिको छुट्टा छुट्टै स्टेटेमेन्ट उपलब्ध गराउनु पर्ने भएकोले सामाजिक सुरक्षाको एकमुष्ट स्टेटमेन्ट बैंकले उपलब्ध गराउन नसक्ने जवाफ पालिकाले दिएको छ।बैंक स्टेटमेन्ट पेश नभएकोले उक्त बैंकमा के कति मौज्दात रहेको छ सो को एकिन गरी बाँकी मौज्दात रकम संचितकोषमा दाखिला गर्नुपर्दछ। तसर्थ सामाजिक सुरक्षा भत्ता वितरणको स्रेस्ता कार्यालयले पेश गरेको रिभर्सफिडको आधारमा लेखापरीक्षण गरिएको छ।

४१ **लगत कट्टा** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि , २०७७ को दफा ११ को उपदफा १ बमोजिम सम्बन्धित स्थानिय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानिय तहको मुल अभिलेखमा समेत जनाउनु पर्ने व्यबस्था रहेको साथै दफा ११ को उपदफा २ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानिय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना

दर्ता गराई लाभग्राही विवरण समेत अध्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा आ व २०७९।०८० को उपरोक्त बमोजिमको लगत कट्टा विवरण पेश हुन नआएकोले दफा ११ बमोजिम लाभग्राहीको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन।

४२ **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी :**

*✄..............(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१८ को निर्णयबाट रु.२०५०६०।०० सम्परीक्षण भएको)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

४३ **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ को उपदफा (१) बमोजिम स्थानिय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने ब्यवस्था छ।सोही कार्यविधिको दफा १८ को उपदफा (२) अनुसार, उपदफा (१)बमोजिम आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक गरी बैंकसँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने ब्यवस्था रहेकोमा तोकिएको समय सिमाभित्र हिसाब मिलान तथा रकम फिर्ता गरेको देखिन आएन।तसर्थ समय सिमा भित्र हिसाब मिलान तथा रकम फिर्ता गर्नुपर्दछ।

४४ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६७५००००प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६५२४७८४.५०अर्थात अनुमान भन्दा ४.३४ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ

४५ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३५९४९१३०.४१ | ८७८३३८३७.४४ | २०.१५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २०.१५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४६ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ अनुसार आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शिर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| घर जग्गा कर र मालपोत कर | ५०००००.०० | ४८१२४३.२० | ९६.२५ |
| सम्पति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २०००००.०० | २०००००.०० | १००.०० |
| एकीकृत सम्पति कर | ५००००.०० | ०.०० | ०.०० |
| घर जग्गा बहाल कर | ०.०० | ०.०० | |
| घर जग्गा रजिष्ट्रेसन दस्तुर | ५००००००.०० | ४३५५८१०.०० | ८७.१२ |
| बहाल कर | १०००००.०० | ४४१२५.३० | ४४.१३ |
| अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ०.०० | |
| व्यवसाय कर | १०००००.०० | १०००००.०० | ०.०० |
| नक्सा पास दस्तुर | ५००००.०० | ५००००.०० | १००.०० |
| सिफारिस दस्तुर | १०००००.०० | १०००००.०० | १००.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००.०० | २०००००.०० | १००.०० |
| नाता प्रमाणित दस्तुर | ५००००.०० | ५००००.०० | १००.०० |
| अन्य दस्तुर | ५००००.०० | १००००.०० | २०.०० |
| अन्य राजस्व | २०००००.०० | ९३३६०६.०० | ४६६.८० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | |
| न्यायीक दस्तुर | १०००००.०० | ०.०० | ०.०० |
| परीक्षा दस्तुर | ५००००.०० | ०.०० | ०.०० |
| आन्तरिक जम्मा | ६७५००००.०० | ६५२४७८४.५० | ९६.६६ |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७३२३५०००.०० | ५५८११५३६.९० | ७६.२१ |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने अन्त शुल्क | ३००००००००.०० | २१०७७१९७.८३ | ७०.२६ |
| राजस्व बाँडफाँडबाट भई प्राप्त हुने सवारी साधन कर | ६००००००.०० | ४४०९९२७.०० | ७३.५० |
| बाँडफाँडबाट भई प्राप्त हुने वन रोयल्टी | १००००.०० | १०३९१.२१ | १०३.९१ |

| | | | |
|---|---|---|---|
| राजस्व बाँडफाँडको जम्मा | १०९२४५०००.०० | ८१३०९०५२.९४ | ७४.४३ |
| कुल जम्मा आन्तरिक आय | ११५९९५०००.०० | ८७८३३८३७.४४ | ७५.७२ |

- **यकिन हुन नसकेको** : पालिकाबाट यसवर्ष अनलाईन प्रणाली तथा नगदी रसिद मार्फत राजस्व आम्दानी गरेको छ। पालिकाले उपलव्ध गराएको विवरणमा रु. २८०६२३१९.७७ उल्लेख गरेकोमा यो रकम अनलाईन प्रणाली मार्फत प्राप्त आम्दानी मात्र भएको र रसिदबाट भएको आम्दानी यकिन हुन सक्ने अवस्था देखिएन। यसर्थ राजस्वको वास्तविक विवरण तयार गर्नु पर्दछ।

४७ **आन्तरिक आय** : राजस्व बाँडफाँडबाट भई प्राप्त हुने राजस्व बाँडफाँडबाट भई प्राप्त हुने पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ। घर जग्गा तथा मालपोत कर , नक्शा पास दस्तुर, सिफारिस दस्तुर तथा नाता प्रमाणित जस्ता दस्तुरमा आम्दानी उल्लेख गरेको देखिएन यसर्थ उल्लिखित आम्दानी यर्थाथ मान्नसकिने आधार देखिएन। पालिकाबाट नियमित हुने आम्दानी हुने शीर्षकको यकिन हुने गरी आन्तरिक आयको विवरण तयार गर्नुपर्दछ।

४८ **राजश्व खाता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५(४) मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाले रसिद नियन्त्रण खाता राखेको देखिदैन। त्यसैगरी पालिकाले गर्ने दैनिक आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्ती खाता (म.ले.प.फा.नं.१०६), राजस्व आम्दानीको दैनिक वैंक भौचर प्राप्ती खाता (म.ले.प.फा.नं.१०६ क) राखेको पाइएन। यसबाट पालिकाले प्राप्त गरेको आम्दानी र दाखिला सहि र यथार्थ भए नभएको नगदबाट प्राप्त सम्पूर्ण रकम समयमा दाखिला भए नभएको एकिन गर्न सकिएन। तसर्थ पालिकाले स्वीकृत ढाँचाका म.ले.प. फारम प्रयोगमा ल्याउन ध्यान दिनुपर्छ।

४९ **कागजात पेश नभएको** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट रु २२१३६६८.९ राजस्व संकलन भएको विवरण पेश गरेको छ। जसमध्ये लेखापरीक्षणको क्रममा वडा नं ४ नगदी संकलन ठेली को रसिद नं १७०१-१८००, १८०१-१८५०,१८५१-१९०० र मालपोत ८०१-८५० ८५१-९०० ९०१-९५० ९५१-१००० र वडा नं ८ को नगदी रसिद नं २२५१-२३०० २२०१-२२५० २१५१-२२००, ३१०१-३१५० ३१५१-३२०० ३२०१-३२५० ३२५१-३३०० र मालपोत ठेली नं २६०१-२६५० २६५१-२७०० २७०१-२७५० लेखापरीक्षणमा पेश भएन। उल्लेखित ठेलीहरुबाट संकलित राजस्वसँग सम्बन्धित बैंक दाखिला भौचर तथा अन्य कुनै कागजात पेश नभएकोले संकलन भएको राजस्वका सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले पेश गरेको विवरण अनुसारको राजस्व रु. २२१३६६८.९ का सम्बन्धमा पालिकाले थप विश्लेषण गरी वास्तविक राजस्व यकिन गरी उठ्न बाँकी राजस्व देखिएमा सम्बन्धितबाट असुल गर्नुपर्दछ।

५० **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै थप विश्लेषण गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : कमला नगरपालिका, धनुषा , कमला नगरपालिका , धनुषा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओम प्रकाश महतो | २०७९-९-२८ | २०८०-५-३१ |
| कार्यालय प्रमुख | सन्तोष कुमार मिश्र | २०८०-७-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सुवोध कुमार ठाकुर | २०७८-८-२३ | २०७९-९-२७ |
| लेखा प्रमुख | संजिव कुमार महतो | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,९१६,७३६.०६ | ३२३,९९६ | १०,०५३,९४१.८३ | ० | ० | २,०१०,०५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १५,३०४,७२३.८९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी सम्परीक्षण भएको रकम रु.** | ३,३२४,०१३.८३ |
| | | | | **सम्परीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,९८०,७१०.०६ |

**स्थानीय तह :**

| गत बर्षको जिम्मेवारी | | १३६८०७९५३.६४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | २५२५६३६००.४१ | चालु खर्च | २७४७७७५२५.७ |
| प्रदेश सरकारबाट अनुदान | २९८१५००० | पूँजीगत खर्च | १५०७९२५५७ |
| राजश्व बाँडफाँट | ८५६६४८६२.९४ | वित्तीय/अन्य व्यवस्था | २१०३६१६९३ |
| आन्तरिक आय | २६६८९७४.५ | | |
| अन्य आय | २११३०३३३०.३ | | |
| कुल आय | ५८२०१५७६८.१५ | कुल खर्च | ६३५९३१७७५.७ |
| बाँकी मौज्दात | | ८२८९१९४६.०९ | |

**बेरूजु दफा २०.१ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| सि नं | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ. व.सम्मको | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | | | | रकम | | रकम | | | | |
| | कर्मचारी | | | | | | | | | |
| १ | २०७९/०४/०१ | कार्यक्रम खर्च | बीरेन्द्र कुमार सढान | - | - | १५६३५०.०० | - | १५६३५०.०० | - | १५६३५०.०० |
| | संस्थागत | | | | | | | | | |
| २ | २०७९/०४/०१ | आवासीय भवन निर्माण/खरिद | राजन-रोशन-मरबैता जे.भी. | - | - | ९१२७७०.०० | - | ९१२७७०.०० | - | ९१२७७०.०० |
| ३ | २०७९/०४/०१ | आवासीय भवन निर्माण/खरिद | वोर्ल्डवाइड। आई.एस.एन.बि.जे.भी. | - | - | ६५९३९४४.०० | - | ६५९३९४४.०० | - | ६५९३९४४.०० |
| ४ | २०८०/०२/१४ | हर्ने झो.पु. राम | थानी - एल. बि. | २८९४२००.०० | - | - | - | २८९४२००.०० | - | २८९४२००.०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जानकी झो.पु कमला नगरपालिका धनुषा | एण्ड पल्लभी जे. भी. | | | | | | | |
| ५ | २०८०/०३/२२ | एम्बुलेन्स खरिद | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | - | २०१००५०.०० | - | - | - | २०१००५०.०० | २०१००५०.०० |
| | व्यक्तिगत | | | | | | | | | |
| ६ | २०७९/०४/०१ | विविध खर्च | गंगा प्रसाद साह | - | - | ७५००० | - | ७५००० | - | ७५००० |
| ७ | २०७९/०४/०१ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | दिपेन्द्र कुमार झा | - | - | ११२१७६०.०० | - | ११२१७६०.०० | - | ११२१७६०.०० |
| ८ | २०७९/०४/०१ | कार्यक्रम खर्च | बिनोद पाल | - | - | ५०००००.०० | - | ५०००००.०० | - | ५०००००.०० |
| ९ | २०७९/०४/०१ | कार्यक्रम खर्च | राम चन्द्र यादव | - | - | २४६६४०.०० | - | २४६६४०.०० | - | २४६६४०.०० |
| १० | २०७९/०४/०१ | कार्यक्रम खर्च | राम दुलार यादव | - | - | ९०४०००.०० | - | ९०४०००.०० | - | ९०४०००.०० |
| ११ | २०७९/०४/०१ | कार्यक्रम खर्च | राम भगत यादव | - | - | १२५३०००.०० | - | १२५३०००.०० | - | १२५३०००.०० |
| १२ | २०७९/०४/०१ | वडा नं १ देखि ९ सम्मको वडा कार्यालय संचालन खर्च | राम भगत यादव | - | - | ११००००.०० | - | ११००००.०० | - | ११००००.०० |
| जम्मा | | | | - | - | ४२१०४००.०० | - | ४२१०४००.०० | - | ४२१०४००.०० |
| कुल जम्मा | | | | २८९४२००.०० | २०१००५०.०० | ११८७३४६४.०० | - | १४७६७६६४.०० | २०१००५०.०० | १६७७७७१४.०० |

**बेरूजु दफा २७ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| **सि नं** | **भुक्तानी पाउने** | **भ्याट/प्यान** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | गोलु नेपाल कन्स्ट्रक्सन | ६१०३४८२१५ | गंगा घर देखि नयाँ बिद्यालय सम्म नयाँ | ९६६,०७४.६७ |

| | | | | |
|---|---|---|---|---|
| | एण्ड सप्लायर्स प्रा.लि. | | सडक निर्माण कार्य | |
| २ | मनिष हेमन्त निमार्ण सेवा | ६०४०३९१७० | पर्सा सिमाना देखि डीह्बार थान सम्म ग्राभेल कार्य | २२२,०८२.६७ |
| ३ | समृद्धि कन्सल्टेन्सी ट्रेनिङ्ग एण्ड मिडिया सेन्टर प्रा.लि. | ६०९६४८६२३ | बाल अधिकार सम्बन्धी तालिम | १९४,३६०.०० |
| ४ | आदिल एण्ड आहिल सप्लायर्स | ६०८०१८७६८ | बिद्यालयमा विद्यार्थीहरुको लागि लुगा कपडा ,जुत्ता ,बेल्ट ,टाई बैग ,परिचय पत्र ,बिन चिटर र ट्राउजर खरिद गरि वितरण गर्ने | ४९८,३३०.०० |
| ५ | रामसिता कन्स्ट्रक्सन | ६०७२८९०५१ | मन्दिरको नजिक घाट निर्माण शिव मन्दिर | ९५९,३७०.०० |
| ६ | दिपक निर्माण सेवा | ३०५५५०१४९ | मूल सडक देखि उतरमा रामचन्द्र सहनीको घर सम्मको सडकमा पिसिसी ढलान कार्य | ३७९,३०३.३३ |
| ७ | मेहरुन इन्टरप्राईजेज | ६१४२३०८७३ | वडा कार्यालयको लागि फर्निचर तथा फिक्चर्स खरिद | ४९९,४६०.०० |
| ८ | नवराज इन्फ्रास्ट्रक्चर प्रा.लि. | ६०६७७१९६६ | वडा नं.८ को बिभिन्न ठाउँमा माटोको कार्य तथा बाटो मर्मत | २८९,०५४.०० |
| ९ | चाँदनी इन्टरप्राईजेज एण्ड सप्लायर्स | ६१६४३१७५९ | विद्यालयको लागि सांस्कृतिक सामग्री खरिद | १९८,८०४.६७ |
| १० | युनिभर्सल नेपाल | ३०४२१६७९६ | सामजिक मुल्य मान्यतामा आधारित लैगिक विभेद तथा हिँसा न्यूनीकरण सम्बन्धी तालिम | ४९८,९३२.६७ |
| ११ | डि.के कन्स्ट्रक्सन | ६१८७३८५४६ | हुलाकी सडक देखि सबद दासको घर सम्म पीसीसी ढलान | ४८३,११२.६७ |
| १२ | दिव्य सर्जिकल एण्ड सप्लायर्स | ६०७२०६६४३ | Inj.Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद | ३९९,४९२.६७ |
| १३ | गरिबी निवारण तथा वातावरण संरक्षण नेपाल | ३०३२४३०२१ | अगरबती मैनबती बनाउने तालिम | १९६,६२०.०० |
| १४ | समाज सेवा फाउण्डेशन नेपाल | ६१७२०२४०६ | अचार बनाउने तालिम | २९२,६७०.०० |
| १५ | उज्यालो नेपाल | ३०४५३५५४७ | अपांगहरुको अधिकार तथा रोजगारमूलक अभिमुखीकरण तालिम | २४८,६००.०० |
| १६ | रोयल एक्सिस इन्जिनियरिङ्ग सर्भिस प्रा.लि. | ६०६५४३१४७ | आन्तरिक नियन्त्रण प्रणाली | २७६,८५०.०० |

| | | | | |
|---|---|---|---|---|
| १७ | नेपाल चौतारी टेक्निकल ईन्सिटच्यूट प्रा.लि. | ६०१००४१९३ | इलेक्ट्रोनिक तालिम | ४९९,६१०.६७ |
| १८ | त्रिदेव स्टेशनरी | ३०१३०८८७० | कार्यालयक मसलन्द सामग्री खरिद | ४४६,६५१.३३ |
| १९ | एन.एम.एस. ग्रुप अफ इण्डष्ट्रीज | ६०९००१४५५ | कार्यालयको लागि पानि खरिद | २००,३८६.६७ |
| २० | निनु निर्माण सेवा | ६१२२९५६०३ | कुसियैत टोलमा पिसिसी ढलान | ९६८,६३६.०० |
| २१ | समाज विकाश सेवा केन्द्र | ३०१९१११९५ | कृषकलाई कृषि समबन्धि तालिम | १९०,२१६.६७ |
| २२ | समाज विकाश सेवा केन्द्र | ३०१९१११९५ | कृषिको लागि कृषक तालिम | २९८,३२०.०० |
| २३ | माला कलर प्रिन्टिगं प्रेस | ६०५४६१२६० | क्यालेन्डर छपाई | ४८०,२५०.०० |
| २४ | जनक नन्दनी ट्रेडर्स | ६०३९६५९७५ | खानेपानि ह्यान्ड कल जडान | ४९०,२६९.३३ |
| २५ | आयुष पुस्तक तथा खेलकुद स्टोर्स | १२८६५७६३४ | खेलकुद सामग्री खरिद | ९९२,०६४.६७ |
| २६ | सोमिया निर्माण सेवा | ६१४३६४४४६ | गुरु दयाल ठाकुर घर देखि रामजानकी मन्दिर सम्म पिसीसी ढलान कार्य | ९६८,१८४.०० |
| २७ | युनियन प्रेस | ६०७४४५६१९ | छपाई सम्बन्धि कार्य | २९३,२७२.६७ |
| २८ | न्यू धिरज अफसेट प्रेस | ६१६९६२७८५ | छपाई सम्बन्धि कार्य | ३०४,८७४.०० |
| २९ | जोसन मिडिया हाउस प्रा.लि. | ६०९८८३३५६ | जनचेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारण गर्ने | ४९४,९४०.०० |
| ३० | सोने कन्स्ट्रक्सन | ६१७२०११०४ | जवाहरपटिको अधुरो ढलान देखि पश्चिम पिसीसी ढलान | ९६५,१७०.६७ |
| ३१ | रतन ब्रदर्स | ६१४०७३८५२ | झोला खरिद | १९८,३५२.६७ |
| ३२ | प्रिन्स निर्माण सेवा | ६१८६४२२९४ | ढलान देखि बिल्टु साहको घर सम्म सडक पिसीसी ढलान कार्य | १५९,१०४.०० |
| ३३ | सियरा इन्जिनियरीङ्ग कन्सल्टेन्स प्रा. लि. | ६०६५९९९५७ | दरबन्दी संरचना निर्माण | २७८,५८२.६७ |
| ३४ | इन्द्रहरी कन्स्ट्रक्सन | ११४४१४६१६ | दुखि महतो घर देखि उतर कमला बाँध सम्म पुरानो सडकमा माटो ग्राभेल | ४३७,८३७.३३ |
| ३५ | मां जलपा कन्स्ट्रक्सन | ६१२५८९८२३ | दुबरकोट दुर्गा मन्दिरमा नयाँ हनुमान मन्दिर निर्माण | ४७६,६३४.०० |
| ३६ | अनिरुघ क्नसट्रक्सन | ६०६६४८१८७ | दुबरकोट सशस्त्र प्रहरी बल बेस क्याम्पमा | ९६१,२५३.३३ |

| | | | | |
|---|---|---|---|---|
| | प्रा.लि. | | बाउन्ड्री र फलामको जाली हाल्ने कार्य | |
| ३७ | ए.वन ईन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड बिल्डर्स | ६०६१४७८०६ | दुर्गा मन्दिरमा प्लास्टिक पेन्ट्स र मार्बल लागाउने कार्य | ९६६,९७८.६७ |
| ३८ | रतन ब्रदर्स | ६१४०७३८५२ | नगर सभाको लागि झोला खरिद | ३८९,३२२.६७ |
| ३९ | डि.डि.एस. बिलडर्स | ६०६४०४५५० | नगरपालिका कार्यालयको कम्पाउण्ड वाल निर्माण कार्य | ९६८,१८४.०० |
| ४० | समाज कल्याण परियोजना विकाश केन्द्र | ६१६५७००१८ | न्यायिक समितिको काम कर्तव्य र अधिकार सम्बन्धि जनप्रतिनिधिहरुलाई अभिमुखीकरण | ४११,०१८.६७ |
| ४१ | कवि कन्स्ट्रक्सन | ६०८७०६१०४ | परशुराम ठाकुर घर देखि पश्चिम १२२ मि.मा सडक ढलान | ४७२,४९०.६७ |
| ४२ | कवि कन्स्ट्रक्सन | ६०८७०६१०४ | परशुराम ठाकुर घर देखि पश्चिम १२२ मि.मा सडक ढलान | ३३६,४३८.६७ |
| ४३ | संतोषी निर्माण सेवा | ६०१२६०२०१ | पर्साको चमारटोलीमा अधुरो बाटोलाई पूर्णता दिने दिने पिसीसी ढलान | ४५४,४१०.६७ |
| ४४ | काव्य निर्माण सेवा | ६०८३२५६४२ | पासमान टोलमा रहेको गल्लि पिसीसी ढलान | ४८१,५३०.६७ |
| ४५ | यदुवंशी निर्माण सेवा | ६०१४१७७६६ | पुर्व पासमान टोलको अधुरो ढलान देखि मेन सडक सम्म पिसिसी ढलान | ६७३,४०४.६७ |
| ४६ | न्यू गणपति सप्लायर्स | ६१३१३४६५७ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि औजार खरिद | ४९६,५९७.३३ |
| ४७ | पुष्पा इन्जिनीयरिङ्ग सोलुसन प्रा.लि. | ३०४४६८२४३ | प्राबिधिक औजार खरिद | ९९८,९२०.०० |
| ४८ | जानकी फर्निसिङ्ग एण्ड जेनरल अर्डर सप्लायर्स | ६०२०४३१५३ | फर्निचर तथा फिक्चर्स | २७१,३५०.६७ |
| ४९ | रोहित बिल्डर्स | ३०२३६०३५६ | बहादुर सहनीको घर देखि पश्चिम किसुन र रक्तमाला गहबर सम्म पिसीसी ढलान | ९१७,७८६.०० |
| ५० | ओम टेन्ट एण्ड इलेक्ट्रिक पसल | ३१०६२२९४६ | विविध खर्च | १५५,७१४.०० |
| ५१ | जीवन शक्ति स्टोर्स | ६०९३१५६१३ | विविध सामग्री खरिद | १७९,९७१.३३ |
| ५२ | त्रिदेव जनरल अर्डर सप्लायर्स | ३०२३५५२६८ | विविध सामग्री खरिद | १०९,१५८.०० |
| ५३ | त्रिदेव मसलन्द केन्द्र | ६०८०५०३७७ | मसलन्द सामग्री खरिद | १७९,५१९.३३ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | त्रिदेव जनरल अर्डर सप्लायर्स | ३०२३५५२६८ | मसलन्द सामग्री खरिद | १७०,५५४.६७ |
| ५५ | त्रिदेव स्टेशनरी | ३०१३०८८७० | मसलन्द सामग्री खरिद | १६३,९२५.३३ |
| ५६ | त्रिदेव मसलन्द केन्द्र | ६०८०५०३७७ | मसलन्द सामग्री भुक्तानी | ३२७,१७२.६७ |
| ५७ | हरियाली नेपाल धनुषा | ३०४२१६९४७ | महिला स्वास्थ्य प्रजनन समबन्धी तालिम | ४९८,८५७.३३ |
| ५८ | दिपा मिथिला आर्ट गेलरी एण्ड प्रशिक्षण केन्द्र | १२५९९४०७१ | मिथिला पेंटिंग सम्बन्धि तालिम | ४७५,६५४.६७ |
| ५९ | आदित्य निर्माण सेवा | ६१८९०८१३८ | मिया टोलमा गल्लि पिसीसी ढलान कार्य | ४६९,०२५.३३ |
| ६० | पुष्कर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६०६६२०५१८ | मुशहर टोल देखि दक्षिण जाने अधुरो सडक पूर्ण गर्ने र मुसहर टोल देखि बिरेन्द्र सहनी घर सम्म सडक ढलान | ४८०,३२५.३३ |
| ६१ | अधिकारी ग्रुप अफ विल्डर्स | ६१६३५१३०५ | मुस्लिम कट्घेरा देखि पश्चिम जाने सडकमा प्रभु र खुसीलालको जग्गा नजिकको सडकमा कल्भर्ट निर्माण | ७५४,६८९.३३ |
| ६२ | दिपक निर्माण सेवा | ६१८१२०८५३ | मूल सडक देखि उतरमा रामचन्द्र सहनीको घर सम्मको सडकमा पिसिसी ढलान कार्य | ४८२,८८६.६७ |
| ६३ | एकता सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा. लि. | ६०६६१९८२४ | मेन सडक देखि गुड्डु घर सम्म पिसीसी ढलान र बिचमा सानो मन्दिर निर्माण कार्य | ७०८,१३३.३३ |
| ६४ | आइटि टेक्नोलोजी (IT TECHNOLOGY) | ६१२९१४३११ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४७४,६००.०० |
| ६५ | भावना ट्रेडर्स एण्ड जेनरल अर्डर सप्लायर्स | ६१४१६३८३६ | मेशिनरी तथा औजार | ७५९,५१०.६७ |
| ६६ | जय मा राजदेवी कन्स्ट्रक्सन | ६१०५१०४५६ | राधा कृष्ण मन्दिर निर्माण कार्य | ९६७,२०४.६७ |
| ६७ | रंजित कन्स्ट्रक्सन | ६०७१४४०४८ | राम जानकी मन्दिर देखि पुर्ब बलदेव महतो घर सम्म पिसीसी ढलान | ५७८,३३४.०० |
| ६८ | जय बाबा नर्सिङ्ग कन्ट्रक्सन | ६०४८७१८४४ | ललन मरिक घर देखि बिरेन्द्र स्कुल सम्म माटो तथा ग्राभेल | ४१७,४२२.०० |
| ६९ | जय बाबा नर्सिङ्ग कन्ट्रक्सन | ६०४८७१८४४ | ललन मरिक घर देखि बिरेन्द्र स्कुल सम्म माटो तथा ग्राभेल | १९२,६२७.३३ |
| ७० | सामुदायिक विकास | ६१७९५८५६१ | लुगा धुने सरफ बनाउने तालिम | १९७,९७६.०० |

| | | | | |
|---|---|---|---|---|
| | फाउन्डेशन | | | |
| ७१ | सामुदायिक सुधार केन्द्र | ३०१९४८६८७ | लैंगिक हिँसा न्यूनीकरण सम्बन्धी तालिम | २९६,८८८.६७ |
| ७२ | आई टी इलेक्ट्रोनिक्स संसार | ६१०९८४९६९ | वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा सिसिटिभी क्यामेरा जडान | ९९५,६८०.६७ |
| ७३ | बजरंग कन्स्ट्रक्सन | ६१७५६७२२८ | वडा कार्यालयमा चर्पी निर्माण | ४३३,१६६.६७ |
| ७४ | सुविसु केवलनेट लि. | ५०००८६३६४ | वडाहरुको इन्टर नेट जडान तथा संचालन | १३२,२१०.०० |
| ७५ | लिम्पिड आई.सि.टि. सोलुसन प्रा.लि | ६०६५४७१२३ | वडाहरुको इन्टर नेट जडान तथा संचालन | ११६,९९२.६७ |
| ७६ | मां दुर्गा कन्स्ट्रक्सन | ६०७२५६२८८ | शिवा पासमानको घर देखि उतरमा डीहबार स्थान सम्मको सडक पिसिसी ढलान | ९६८,१८४.०० |
| ७७ | श्री मिथिला बिल्डर्स | ६०५०६९११४ | सखुवा बजारमा माटोको कार्य र ढलान देखि देवन फर्निचर सम्म पिसिसी ढलान कार्य ( | ६७२,३५०.०० |
| ७८ | सारस कन्स्ट्रक्सन प्रा.लि. | ६०३५१६००३ | सघरा दुर्गा मन्दिरको कम्पाउण्डमा पिसीसी ढलान कार्य | ९६६,६७७.३३ |
| ७९ | जिरा देवी कन्स्ट्रक्सन प्रा.लि. | ६०४३२४१९७ | सघारा राधा कृष्ण मन्दिरको अधुरो गेटलाई पूर्णता दिने | २८०,१६४.६७ |
| ८० | सिमला देवी मेडिया प्रा.लि. | ६०६८९१०२६ | सडक नाटक संचालन तथा प्रशारण | ८८४,७९०.०० |
| ८१ | त्रिनेत्र ट्रेनर्स नेटवर्क प्रा.लि | ६१०१७५११६ | सडक नाटक संचालन तथा प्रशारण | ४९५,७६८.६७ |
| ८२ | मिथिला महिला चेतना केन्द्र | ३०५१६६११९ | समाजको अगुवा महिला तथा संघ संस्थाहरुलाई महिला हिंसा तथा कानुन सम्बन्धि तालिम | १९७,७५०.०० |
| ८३ | एभरेष्ट इन्करर्पोरेटेड प्रा.लि | ६०३९०६१५० | सवारि साधन मर्मत | २९५,५३२.६७ |
| ८४ | जनकपुर अटोमोवाईल इन्जिनियरिङ्ग वर्कशप एण्ड स्पेयर | ६०५५९०१२४ | सवारी साधन मर्मत | २६२,२३५.३३ |
| ८५ | श्री कृष्ण अटो डिष्ट्रिव्युटर प्रा.लि. | ६०५९४४८६६ | सवारी साधन मर्मत | १७६,४३०.६७ |
| ८६ | रिचा मोटर्स | ६०९७४१९४० | सवारी साधन मर्मत | १७३,९४४.६७ |
| ८७ | नमस्ते जनकपुर इनकर्पोरेट प्रा.लि. | ६०१४१८२६४ | सवारी साधन मर्मत | १४५,४६८.६७ |

| | | | | |
|---|---|---|---|---|
| ८८ | न्यू ए.टू.जेड. अटो एसोसेरिज | ६०५२०४७४४ | सवारी साधन मर्मत | १०८,९३२.०० |
| ८९ | नमस्ते जनकपुर इनकर्पोरेट प्रा.लि. | ६०१४१८२६४ | सवारी साधन मर्मत | १०४,०३५.३३ |
| ९० | मोन्टेन मल्टीप्रपोज प्रा.लि. | ६०६५५५६३८ | साइबर क्राइम न्यूनीकरण समबन्धि तालिम | २९८,२४४.६७ |
| ९१ | गिरधर कन्ट्रक्सन प्रा.लि. | ६१०४६७१७६ | साना किसान बैंकको मेन सडक देखि उतर पिसीसी ढलान कार्य | ९६४,२६६.६७ |
| ९२ | श्री सृजनशिल महिला उत्थान केन्द्र | ३०४९६९४६३ | सामाजिक कुरीति र विकृति न्यूनीकरणको लागि जनचेतनामुलक तालिम | ४८९,९६८.०० |
| ९३ | पियरिया मां कंन्स्ट्रक्सन | ६१२५७३४५९ | सामुदायिक भवनको रंगरोगन कार्य | १९३,३०५.३३ |
| ९४ | दुधमती मिडिया प्रा.लि. | ६०६८६५९१३ | सार्वजनिक सुनुवाई कार्यक्रम | ४९८,०२८.६७ |
| ९५ | आविश्कार इनर्जी प्रा.ली. | ३०५१७११७५ | सुधारिएको चुलो खरिद | ७९६,६५०.०० |
| ९६ | लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा.ली. | ६०६८५९२३७ | सुरेन्द्र यादवको घरदेखि ट्रान्सफर्मर सम्म पिसिसी ढलान | ९६८,१८४.०० |
| ९७ | राम सर्जिकल हाउस | ६००८१८४६९ | सेनेटरी प्याड खरिद | ९८०,६१४.०० |
| ९८ | समर विल्डर्स | ६०२७९०९९६ | सौखिया घर देखि डीहबार स्थान जाने सडकमा पिसीसी ढलान | ५६८,०१३.३३ |
| ९९ | स्थानीय तह तालिम तथा अनुसन्धान केन्द्र | ६१९१४८६५० | स्थानीय सरकार संचालन सम्बन्धि तालिम | ४८०,०२४.०० |
| १०० | माला स्टेशनरी एण्ड सप्लायर्स | ६१३७३८६१५ | स्वास्थ्य चौकीहरुको लागि कम्प्युटर सेट खरिद | ९९७,३३८.०० |
| १०१ | पियरिया मां कंन्स्ट्रक्सन | ६१२५७३४५९ | हथलेटवा टोलको बिभिन्न सडकमा पिसीसी ढलान | ६३१,४४४.०० |
| १०२ | एस. एण्ड यु कन्स्ट्रक्सन | ६१४३६४७४५ | हथलेटवा टोलमा मेन सडक देखि दिनेश मण्डलको घर सम्म पांच वटा पिसीसी ढलान कार्य | ४६९,१७६.०० |
| १०३ | उमेश कन्स्ट्रक्सन | ६१४०८४१९९ | हथलेटवा टोलमा रहेको डीह्बार मन्दिरमा बाउन्ड्री र मन्दिर निर्माण | ९६५,६९८.०० |
| १०४ | अमन कन्स्ट्रक्सन | ६१५६०७२९८ | हथलेटवा महरा टोलको अधुरो दलान निर्माण | ४६६,३१३.३३ |
| १०५ | प्रिसं सप्लायर्स | ६०४०४२९६३ | हाजिरी मेसिन खरिद तथा जडान | ५६१,६८५.३३ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | ५१,३२५,५७९.३३ |

**बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| लाभग्राहीको नाम | वडा नं | बैंकको नाम | चौमासिक | प्रकार | ना प्र नं | बैंक खातामा गएको रकम | दोहोरो परेको रकम |
|---|---|---|---|---|---|---|---|
| राम पियारी देवी मण्डल | ९ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | विधुवा | १७३०८२१२ | ३१९२० | ३१९२० |
| राम पियारी देवी मण्डल | ९ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | विधुवा | १७३०८२१२ | ३१९२० | |
| राम दयाल मुखिया | ४ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो | ज्येष्ठ नागरिक | ६५४१०४० | २४००० | २४००० |
| राम दयाल मुखिया | ४ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो | ज्येष्ठ नागरिक | ६५४१०४० | २४००० | |
| राम आशिस महरा | ४ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | ज्येष्ठ नागरिक दलित | ६५४२९०५ | २९२६० | २९२६० |
| राम आशिस महरा | ४ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | ज्येष्ठ नागरिक दलित | ६५४२९०५ | २९२६० | |
| जगतरेन देवी माझी | ८ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो चौथो | दलित | १७३०११५८१ | २३९४० | २३९४० |
| जगतरेन देवी माझी | ८ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो चौथो | दलित | १७३०११५८१ | २३९४० | |
| ईसर देवी मुखिया विन | ८ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो चौथो | विधुवा | १७३०११८३४ | २३९४० | २३९४० |
| ईसर देवी | ८ | एन आई सि एसिया बैंक लिमिटेड | दोस्रो तेस्रो चौथो | विधुवा | १७३०११८३४ | २३९४० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राम पियारी देवी साह | २ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | जेष्ठ नागरिक | १७३०१३३१९ | ४८००० | ४८००० |
| राम पियारी देवी साह | २ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम दोस्रो तेस्रो चौथो | जेष्ठ नागरिक | १७३०१३३१९ | ४८००० | |
| वैद्धनाथ राय कर्मी | ८ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम तेस्रो | जेष्ठ नागरिक | ३६२८२०९२ | २४००० | २४००० |
| वैद्धनाथ राय कर्मी | ८ | एन आई सि एसिया बैंक लिमिटेड | प्रथम तेस्रो | जेष्ठ नागरिक | ३६२८२०९२ | २४००० | |
| | | | | | | जम्मा | २०५०६० |